# चौंरीदेउराली गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

ढाँडखर्क भञ्ज्याङ, काभ्रेपलाञ्चोक

बागमती प्रदेश, नेपाल


गरिवी निवारणका लागि दलित समुदायको आयआर्जन तथा जिविकोपार्जन सुधार कार्यक्रमको सीप विकास तालिममा सहभागि हुन आवेदन पेश गर्ने सम्बन्धी सूचना ।

**प्रथम पटक सूचना प्रकाशित मितिः-२०८२/१२/१०**

प्रस्तुत विषयमा बागमती प्रदेश सरकार सहकारी तथा गरिवी निवारण मन्त्रालय, हेटौंडाको चौंरीदेउराली गाउँपालिकाको साझेदारीमा संचालित गरिबी निवारणका लागि दलित समुदायको आयआर्जन तथा जिविकोपार्जन सुधार कार्यक्रम, उक्त कार्यक्रम संचालन कार्यविधि, २०८२ बमोजिम दलित समुदायको आयआर्जन तथा जिविकोपार्जन सुधार कार्यक्रमको लागि यस गाउँपालिका छनौट भएको एवम् बागमती प्रदेश सरकार, सहकारी तथा गरिवी निवारण मन्त्रालय र चौंरीदेउराली गाउँपालिकाको कार्यालय बीचमा द्विपक्षीय सम्झौता भई उक्त कार्यक्रम कार्यान्वयनको प्रारम्भिक चरणमा रहेको हुँदा कार्यक्रमको प्रभावकारी कार्यान्वयनार्थ स्वीकृती कार्यविधि, वागमती प्रदेश सरकारसँग भएको सम्झौता तथा बिनियोजित बजेटको परिधि भित्र रहि र स्थानीय दलित समुदायको मागमा आधरित सीप विकास तालिम कार्यक्रम संचालन गर्नु पर्ने भएको हुँदा चौंरीदेउराली गाउँपालिका सम्पुर्ण वडाहरुमा स्थायी रुपले बसोबास गर्ने र रोजगारीका लागि सीप विकास तालिम लिन इच्छुक दलित समुदायहरुले आ-आफ्नो वडा कार्यालयमा आफुले लिन चाहेको सीप विकास तालिमको विवरण खुलाई मिति २०८२/१२/२५ गते कार्यालय समय भित्र आवश्यक कागजातहरु संलग्न राखी आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**आवश्यक कागजातहरु**

१. व्यक्तिगत निवेदन ।

२. निवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।

३. दलित प्रमाणित प्रतिलिपी ।

**सहभागी छनौटका आधारहरु तपशिल अनुसार रहेका छन।**

१. सम्बन्धित वडामा स्थायी रूपमा बसोबास भएको,

२.१८ वर्ष उमेर पुरा भएको,

३. दलित समुदायको व्यक्ति,

४. रोजगारका लागी सीप विकास अवसर खोजिरहेको र स्वरोजगारमूलम व्यवसाय र उद्यम गर्ने चाहान र रुचि भएको वा व्यवसाय वा उद्यम गरिरहेको ।

**वोधार्थः श्री सम्पुर्ण बडाकार्यालयहरुः-** कार्यालयमा सूचना टाँस गरिदिनु हुन र पेश भएका निवेदन गाउँपालिकामा उपलब्ध गराई दिनुहुन ।

महान दास लामा

प्रमुख प्रशासकीय अधिकृत